कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.स.०८०/०८१
च.न.

मिति २०८०/१०/२४

**महिलाहरुका लागि निशुल्क हलुका सवारी चालक तालिम सम्बन्धी**
**सूचना ! सूचना ! ! सूचना ! ! !**

कालिका नगरपालिकाको आ.व.०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार नगर भित्र स्थायी वसोवास गर्ने दलित महिला, सिमान्तकृत महिला, जनजाती महिला, एकल महिलाहरुलाई सिपमुलक तालिम अन्तर्गत **निशुल्क हलुका सवारी चालक तालिम** सञ्चालन गरिने भएकोले ईच्छुक/लक्षित व्यक्तिहरुका लागि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कालिका नगरपालिका महिला बालबालिका तथा समाजकल्या उपशाखामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुनआएको निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

आबश्यक कागजातहरु:

१. संलग्न ढाचाँ बमोजिमको निवेदन।

२. १८ वर्ष पुरा भएको ।

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी(बाह्य जिल्लाको नागरिकताको हकमा बसाईसराई/विवाह दर्ताको प्रतिलिपी)।

४. पासपोर्ट साइजको फोटो -२ प्रति।

५. दलित महिला, सिमान्तकृत महिला, जनजाती महिला, एकल महिलाहरुलाई विशेष प्राथमिकता दिईनेछ।

चुडामणी शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ: सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइट र वडा कार्यालयमा सूचना प्रेशित गरिदिनु हुन।
नोटः निवेदनको ढाचाँ वडा कार्यालयहरुबाट, नगरपालिकाबाट उपलब्ध हुनेछ।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०/१० /

## निशुल्क हलुका सवारी चालक तालिमको निवेदन ढाचाँ

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका चितवन।

विषयः निशुल्क हलुका सवारी चालक तालिममा सहभागी हुन पाउँ।

म कालिका नगरपालिका वडा न........./..........................टोलमा वसोवास गर्ने व्यक्ति हु । मैले हाल सम्म नगरपालिकाबाट सञ्चालन गरिएको कुनै पनि तालिममा सहभागी भएको छैन। मेरो घरायसी आर्थिक अवस्था नाजुक भएको कारण दैनिक जीवनयापन गर्न सिप आवश्यकता भएकोले कालिका नगरपालिकाबाट मिति २०८०/१०/२४ मा प्रकाशित सूचना बमोजिम **निशुल्क हलुका सवारी चालक तालिम** लिन ईच्छुक रहेको र यस किसिमको तालिम लिई सकेपछि यहि पेशा अगालेर जीविकोपार्जन गर्ने प्रतिवध्दता साथ उक्त तालिममा सहभागी गरि दिनुहुन यो निवेदन पेश गरेको छु।

आवेदकः
१. नामथरः..................................................
२. ना.प्र.न......................................................
३. जारिमिति/जिल्ला........................................
४. ठेगानाः कालिका नगरपालिका वडा न..............
५. उमेर.................
६. दलित महिला/जनजाती महिला/सिमान्तकृत महिला/ अन्य.................
७. सम्पर्क न..............................................

उपरोक्त निवेदकलाई निवेदन बमोजिम निशुल्क हलुका सवारी चालक तालिममा सहभागी गराईदिनु हुन सिफारिस गरिन्छ।

वडा अध्यक्षको सहि छाप

बडा कार्यालयको छाप